# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## तथ्याङ्क समन्वय कार्यालय इलाम

२०८१ श्रावण देखि २०८२ असार मसान्तसम्ममा सम्पादित क्रियाकलापहरुको विवरण


नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय, इलाम**

फोन नं. ०२७५९०१२०

इमेलः **scoillam120@gmail.com**

# Table of contents

**स्वत प्रकाशन (Proactive Discloser)** ............ **1**

१) कार्यालयको स्वरुप र प्रकृति (पृष्ठभूमि)............ 2

२) कार्यालयको काम, कर्तव्य र अधिकार............ 3

३) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण............ 4

४) कार्यालयवाट प्रदान गरिने सेवाहरु ............ 4

५) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी............ 4

६) सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि............ 5

७) निर्णय उपर उजुरी सुन्ने अधिकारी............ 5

८) सम्पादन गरेको कामको विवरण............ 6

९) सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद............ 6

१०) ऐन नियम, विनियम वा निर्देशिकाको सूचि............ 7

११) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धि अध्यावधिक विवरण............ 7,8,9

१२) अघिल्लो आ व मा संचालित कार्यक्रमहरु............ 9

१३) कार्यालयको वेभसाइट ............ 10

१४) कार्यालयमा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्वन्धि विवरण....... 10

१५) कार्यालयले संचालन गरेको कार्यक्रम र सो को विवरण............ 10

१६) कार्यालयले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली............ 11

१७) कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण............ 11

## स्वत प्रकाशन (Proactive Discloser)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना अनुरुप सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा उल्लेख भए अनुसार प्रत्येक सार्वजनिक निकायले आफूले सञ्चालन गरेका गतिबिधिहरुको विवरण त्रैमासिक रुपमा प्रकाशन गर्नु पर्ने हुन्छ । सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गराउने सन्दर्भमा तथ्याङ्क समन्वय कार्यालय इलामले सम्पन्न गरेका क्रियाकलापहरु पारदर्शी, जवाफदेही र विश्वसनीय बनाउनका लागि नियमित रुपमा यस्तो विवरण प्रकाशन गरिनेछ ।

यस कार्यालयले आफ्नो विवरण प्रकाशन गर्ने क्रममा चालु आ.व. २०८१ श्रावणदेखि २०८२ असारमसान्तसम्ममा तथ्याङ्क समन्वय कार्यालय, इलामबाट सम्पादित क्रियाकलापहरुको विवरण यसमा प्रस्तुत गरिएको छ । यो विवरण तयार पार्न संलग्न हुनुहुने तथ्याङ्क समन्वय कार्यालयका सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

मिति : २०८२ श्रावण ७ गते बुधबार

**प्रेम नेपाल**
**निमित्त तथ्याङ्क समन्वय अधिकारी**
**तथ्याङ्क समन्वय कार्यालय, इलाम**

## १) कार्यालयको स्वरुप र प्रकृति (पृष्ठभूमि)



नेपाल सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालय मातहत देशैभरि रहेका १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरु मध्ये ताप्लेजुङ, पाँचथर, इलाम र झापा जिल्लाहरु कार्यक्षेत्र भएको **"तथ्याङ्क समन्वय कार्यालय"** इलाम जिल्लाको, इलाम नगरपालिकाको वडा नं ७ फुलगाँछी टुँडीखेल नजिक अवस्थित छ । देशमा संघीयता लागू भएपनि संरचानागत रुपमा तथ्याङ्क समन्वय कार्यालयहरु संघीय कार्यालयको रुपमा रहेको छ । यद्यपि संविधानको मर्म अनुरुप कार्यात्मक दृष्टिले हेर्दा यस्ता तथ्याङ्कीय गतिविधिहरु संघीयता अनुसार अर्थात तीनै तहका सरकारहरुले सञ्चालन गर्न सक्छन् ।

नेपालको ऐतिहासिक विकासक्रमलाई हेर्दा तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणा वि. स. १९०६/७ तिर युरोप भ्रमण पश्चात वि. स. १९१०-१३ तिर काठमाडौ उपत्यकाको जनगणना गराएका थिए भन्ने पाइन्छ (*नेपालको पहिलो नमूना जनगणना : ऐतिहासिकता; महत्व र उपदेयता; वि. स. १९१०-१३*) लेखन: ***प्रा.डा. जगदीशचन्द्र रेग्मी र डा. गोविन्द टण्डन*** । त्यस्तैगरी लिच्छवीकालभन्दा अघि पनि राजनीतिक, सास्कृतिक र आर्थिक विवरण संकलन गरेको पाइन्छ । साथै नेपालको पहिलो प्रधानमन्त्री भिमसेन थापाले पनि सैनिक शक्ति अनुमानको लागि जनगणना गरेको पाइन्छ । नेपालमा औपचारिक रुपमा तत्कालिन प्रधानमन्त्री चन्द्र शमशेरको पालामा वि.स. १९६८ मा पहिलो जनगणना गरको पाइन्छ । त्यसपछि हरेक १०/१० बर्षमा जनगणना भएको र तथ्याङ्क प्रणालीलाई थप सुदृढ गर्दै लैजाने क्रममा वि.स. १९९५ मा जनसंख्या गोश्वरा स्थापना गरी वि.स. १९९८ को चौथो जनगणना गरिएको थियो भने पछि यस अड्डालाई औद्योगिक व्यापारिक समाचार संग्रह अड्डासँग गाभेर संख्या विभाग खडा गरियो जसले वि.स. २००९/११ मा पाँचौ जनगणना सम्पन्न गरेको थियो । जसलाई नेपालको पहिलो वैज्ञानिक जनगणना मानिन्छ । तथ्याङ्क प्रणालीको विकास कै क्रममा वि.स. २०१५ सालमा तथ्याङ्क ऐन, २०१५ जारी भई सो ऐन मार्फत वि.स. २०१५ पुस १७ गते केन्द्रीय तथ्याङ्क विभाग केन्द्रीय कार्यालयको रुपमा स्थापना

भयो साथै जस अन्तर्गतका देशभरि ३३ वटा शाखा कार्यालयहरु स्थापना भएको थियो । केन्द्रीय तथ्याङ्क विभागले वि.स. २०१८ को छैटौ जनगणना देखि वि.स. २०६८ सालको एघारौंसम्मको जनगणना निरन्तर रुपमा सम्पन्न गरेको थियो र देश संघीय गणतन्त्रमा गएपछिको बाह्रौ जनगणना वि.स. २०७८ मा सम्पन्न भएको थियो ।

## २) कार्यालयको काम कर्तव्य र अधिकार

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने विभिन्न गणना तथा सर्वेक्षणको ब्यवस्थापन, जनशक्ति छनौट, तालिम तथा तथ्याङ्क सङ्कलन, अनुगमन तथा सुपरिवेक्षण गर्ने र सङ्कलित तथ्याङ्क निर्धारित समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने,
- वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमान र मूल्य सूचकाङ्कको लागि आवश्यक तथ्याङ्क सङ्कलन गरी नियमित रूपमा निर्धारित समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने,
- तथ्याङ्कीय व्यावसायिक रजिष्टरका लागि आवश्यक दर्ता भएका व्यवसायहरुको सूची र आवश्यक विवरणहरु संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयलाई उपलब्ध गराउने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने गणना क्षेत्र नक्साङ्कनसम्बन्धी कार्य गर्ने,
- स्थानीय तहसँगको समन्वयमा National Data Profile को कार्यान्वयनसम्बन्धी कार्य गर्ने,
- प्रदेश सरकार तथा स्थानीय तहमा तथ्याङ्कीय गतिविधिका सम्बन्धमा सरकारी तथा गैरसरकारी निकायसँग निरन्तर अन्तरक्रिया र छलफल सञ्चालन गर्ने,
- सम्बन्धीत प्रदेश सरकार तथा स्थानीय तहबाट माग भई आएका तथ्याङ्क पूर्ति गर्न कार्यक्षेत्रभित्र आवश्यक गणना, सर्वेक्षण, अध्ययन अनुसन्धानको कार्य गर्ने साथै माग गरेबमोजिमको तथ्याङ्क उपलब्ध गराउने,
- प्रदेश सरकार तथा स्थानीय तहसँगको समन्वय, सहकार्य एवं आर्थिक सहयोगमा गणना तथा सर्वेक्षण सञ्चालन गरी आवश्यक सूचकहरु तयार गर्ने,
- राष्ट्रिय तथ्याङ्कको प्रादेशिक डाटाबेस तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- प्रदेश तथा स्थानीय तहका आर्थिक तथा सामाजिक सूचक समेटी प्रदेश तथा स्थानीय तहका प्रतिवेदन तथा वस्तुगत विवरण तयार गर्ने,
- राष्ट्रियस्तरको तथ्याङ्क सङ्कलनका लागि सर्वेक्षण अनुमति प्राप्त गरेका निकाय तथा संघ संस्थाले स्थानीय तहमा गर्ने तथ्याङ्क सङ्कलनसम्बन्धी कार्यको अनुगमन गर्ने,
- स्थानीय तहमा कार्यरत तथ्याङ्कसम्बन्धी काम गर्ने जनशक्तिको क्षमता विकासका लागि आवधिकरूपमा प्रशिक्षण एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय तहका तथ्याङ्क उत्पादक निकायहरूसँग अन्तरनिकाय समन्वय गर्ने,
- स्थानीय तह एवं सम्बद्ध निकायलाई आधिकारिक प्रकाशित तथ्याङ्क उपलव्ध गराउने,
- स्थानीय तहमा हुने तथ्याङ्क सङ्कलन,प्रशोधन;विश्लेषण र प्रकाशन तथा भण्डारणका विषयमा निर्धारित मानक तथा गुणस्तरको पालना भए नभएको अनुगमन गर्ने,
- राष्ट्रिय तथ्याङ्क प्रणालीको स्तरोन्नतिका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले दिएको निर्देशन बमोजिमका काम गर्ने।

## ३) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

कार्यालयमा हाल देहाय बमोजिमका १५ स्वीकृत दरवन्दी मध्ये १३ जना कर्मचारी कार्यरत रहेका छन्।

| क्र.सं. | पद | श्रेणी/तह | स्वीकृत दरबन्दी | पदपूर्तिको अवस्था | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थाइ | करार | | |
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा.प.द्वितिय | १ | | | १ | |
| २ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | २ | २ | | | |
| ३ | सुपरिवेक्षक | रा.प.अनं प्रथम | ४ | ४ | | | |
| ४ | गणक | रा.प.अनं द्वितिय | ३ | ३ | | | |
| ५ | खरिदार | रा.प.अनं द्वितिय | २ | २ | | | |
| ६ | सहलेखापाल | रा.प.अनं द्वितिय | १ | १ | | | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | | २ | | |
| **जम्मा** | | | **१५** | **१२** | **२** | **१** | |

## ४) कार्यालयवाट प्रदान गरिने सेवाहरु

- सेवाग्राहीलाई आवश्यक परेका तथ्याङ्कीय विवरण उपलब्ध गराउने साथै सुक्ष्म कोरा तथ्याङ्कीय विवरण उपलब्ध गराउन सहजीकरण गर्ने।

## ५) सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि नं | कर्मचारीको नाम थर | पद | तोकिएको जिम्मेवारी (कार्यक्रम संयोजक) |
|---|---|---|---|
| १ | श्री प्रेम नेपाल | नि. तथ्याङ्क समन्वय अधिकारी | कार्यालय प्रमुख, प्रशासनिक साथै अनुगमन तथा निरिक्षण, डाटा विश्लेषण गर्ने |
| २ | श्री किरण कुमार राई | तथ्याङ्क अधिकृत | तथ्याङ्कीय क्रियाकलापको अनुगमन तथा निरिक्षण साथै सङ्कलित तथ्याङ्कलाई कम्पाइल गर्ने र डाटा विश्लेषण गर्ने |
| ३ | श्री जित बहादुर कोइराला | सुपरिवेक्षक | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य र अन्य तोकिएको कार्य गर्ने |
| ४ | श्री युवराज महत | सुपरिवेक्षक | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य र अन्य तोकिएको कार्य गर्ने |
| ५ | श्री इशु कुमार कार्की | सुपरिवेक्षक | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य र अन्य तोकिएको कार्य गर्ने |
| ६ | श्री मान बहादर थापा | सुपरिवेक्षक | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य, जिन्सी व्यवस्थापन र अन्य तोकिएको कार्य गर्ने |
| ७ | श्री रामेश्वर साह तेली | गणक | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य र अन्य तोकिएको कार्य गर्ने |
| ८ | श्री विनम भट्टराई | गणक | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य र अन्य तोकिएको कार्य गर्ने |
| ९ | श्री सुजाता साह | गणक | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य र अन्य तोकिएको कार्य गर्ने |
| १० | श्री शारदा रिजाल | खरिदार | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य र अन्य तोकिएको कार्य गर्ने |
| ११ | श्री निशान भट्टराई | खरिदार | नियमित साथै अनियमित सर्वेक्षण सम्बन्धी तथ्याङ्क संकलन, प्रविष्टि कार्य र अन्य तोकिएको कार्य गर्ने |
| १२ | श्री अन्जना दहाल | सहलेखापाल | आर्थिक प्रशासन ब्यवस्थापन। |

## ६) सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि

- यस कार्यालयवाट दिइने सेवाहरूमा कुनै पनि प्रकारका सेवा शुल्क लाग्ने छैन । तर राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सुक्ष्म कोरा विवरण लिदाँ तोकिएको नियम बमोजिम लाग्ने छ ।

**७) निर्णय उपर उजुरी सुन्ने अधिकारी** - कार्यालय प्रमुख श्री प्रेम नेपाल

## ८) आ.व. २०८१/८२ मा सम्पादन गरेको कामको विवरण

| क्र.सं. | मुख्य कार्य | उपलब्धि |
|---|---|---|
| १ | व्यवसायिक कुखुरापालनससर्वेक्षणको सूचिकरण कार्य | सूचिकरण गरी केन्द्रमा पठाईएको । |
| २ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्य | मुख्य फिल्ड कार्य र तथ्याङ्क प्रविष्टि भएको । |
| ३ | त्रैमासिक औद्योगिक उत्पादन तथा मुल्य सूचकांक | नियमित रुपमा संकलन गरी केन्द्रमा पठाईएको । |
| ४ | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम | नियमित रुपमा संकलन गरी केन्द्रमा पठाईएको । |
| ५ | कृषि मुल्य तथ्याङ्क संकलन | नियमित रुपमा संकलन गरी केन्द्रमा पठाईएको । |
| ६ | निर्माण क्षेत्रको सर्वेक्षण | नियमित रुपमा संकलन गरी केन्द्रमा पठाईएको । |
| ७ | SBR सम्बन्धी तथ्याङ्क अद्यावधिक | तथ्याङ्क संकलन र प्रविष्टि गरिएको । |
| ८ | मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक | तथ्याङ्क संकलन र प्रविष्टि गरीएको । |
| ९ | राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनको अनुगमन | पालिकाहरुबाट NDP मा तथ्याङ्क प्रविष्टि भएको । |
| १० | NPISHs सम्बन्धी सूचिकरण कार्य | सूचिकरण गरी केन्द्रमा पठाईएको । |
| ११ | NPISHs सम्बन्धी मुख्य फिल्ड कार्य (विविध) | मुख्य फिल्ड कार्य र तथ्याङ्क प्रविष्टि भएको । |
| १२ | आर्थिक गणनाको प्रश्नावली परिक्षण | प्रश्नावली परिक्षण भएको । |
| १३ | रा.ले. Rebasing सम्बन्धी कार्य | Rebasing को लागि आवस्यक तथ्याङ्क उपलब्ध भएको । |
| १४ | वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क संकलन | वार्षिक राष्ट्रिय लेखा अनुमानको लागि आवस्यक तथ्याङ्क उपलब्ध भएको । |
| १५ | त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क संकलन | त्रैमासिक राष्ट्रिय लेखा अनुमानको लागि आवस्यक तथ्याङ्क उपलब्ध भएको । |
| १६ | आन्तरिक पर्यटक सर्वेक्षण | २२ वटा PSUs मध्ये २१ वटाबाट तथ्याङ्क संकलन गरी केन्द्रमा पठाईएको । |
| १७ | पालिका प्रोफायल | ताप्लेजुङको फुङलिङ न पा र इलामको सन्दकपुर गा पा को प्रोफायल तयार भएको । |
| १८ | निजी शिक्षण संस्था सर्वेक्षण सम्बन्धी स्थलगत तथ्याङ्कक संकलन | २१६ वटा शिक्षण संस्थाहरुबाट आवस्यक तथ्याङ्क प्राप्त भएको । |
| १९ | राष्ट्रिय तथ्यगत विवरण सम्बन्धी गोष्ठी | ताप्लेजुङ, पाँचथर, इलाम र झापा चारै जिल्लामा सम्पन्न गरेको |
| २० | तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि सम्बन्धी गोष्ठी | ताप्लेजुङ, पाँचथर, इलाम र झापा चारै जिल्लामा सम्पन्न गरेको |

## ९) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

कार्यालय प्रमुख - प्रेम नेपाल

सम्पर्क नं : ९८४२७८०९४९

सूचना अधिकारीको नाम: किरण कुमार राई (तथ्याङ्क अधिकृत)

सम्पर्क नं: ९७६७७९९५१४

कार्यालयको सम्पर्क नं: ०२७५९०१२०

कार्यालयको ईमेल: scoilam120@gmail.com

## १०) ऐन नियम, विनियम वा निर्देशिकाको सूची

- तथ्याङ्क ऐन, २०७९
- तथ्याङ्क नियमावली, २०८०
- अन्तर निकाय तथ्याङ्क कार्य समूह कार्यविधि, २०८२
- तथ्याङ्क सार्वजनिक, सम्प्रेषण तथा वितरण कार्यविधि, २०८२
- कार्यक्रम तर्जुमा तथा सञ्चालन मार्गदर्शन, २०८१
- तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति
- नेपाल डेटा गभर्नेन्स प्रोफाइल
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

## ११) आ.व. २०८१/८२ को वित्तीय विवरण

## क) चालु तर्फको वित्तीय विवरण

आम्दानी; खर्च तथा आर्थिक कारोबार सम्बन्धि अध्यावधिक विवरण

**२०८१ साल श्रावणदेखि २०८२ असारसम्मको वित्तिय प्रगति विवरण**

| सि.नं. | बजेट उ.शि.नं. | कार्यक्रमको नाम | जम्मा बजेट | खर्च | बाँकी बजेट | प्रगति विवरण | श्रोतको प्रकार |
|---|---|---|---|---|---|---|---|
| क) | ३०१०८०१२३ | **22522कार्यक्रम खर्च** | **5;521;000.00** | **3;704;250.00** | **1;816;750.00** | 67.094 | नेपाल सरकार संघ |
| १ | ३०१०८०१२३ | 2.7.25.724 व्यवसायिक कुखुरापालन सर्वेक्षण सूचिकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा निरिक्षण गर्न | 155,000.00 | 151,510.00 | 3490 (रोक्का समेत) | 97.748 | |
| २ | ३०१०८०१२३ | 2.7.25.725 व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्य तथा निरिक्षण | 170,000.00 | 127,500.00 | 42500 (रोक्का) | 75.00 | |
| ३ | ३०१०८०१२३ | 2.7.25.726त्रै मासिक ओद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्यांक संकलन तथा सुपरिवेक्षण कार्य गर्ने। | 200,000.00 | 165,180.00 | 34820 (रोक्का) | 82.59 | |
| ४ | ३०१०८०१२३ | 2.7.25.727 अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क संकलन र सुपरिवेक्षण गर्ने। | 162,000.00 | 137,775.00 | 24225 (रोक्का) | 85.046 | |
| ५ | ३०१०८०१२३ | 2.7.25.728 कृषि तथ्यांक संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ जिल्लामा समेत) लाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | 148,000.00 | 117,325.00 | 30675 (रोक्का) | 79.274 | |
| ६ | ३०१०८०१२३ | 2.7.25.729 निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य गर्ने | 140,000.00 | 111,300.00 | 28700 (रोक्का) | 79.50 | |
| ७ | ३०१०८०१२३ | 2.7.25.731 नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक | 250,000.00 | 126,535.00 | 123465 (रोक्का) | 50.614 | |
| ८ | ३०१०८०१२३ | 2.7.25.732 नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक सुपरिवेक्षण | 51,000.00 | 27,950.00 | 23050 (रोक्का) | 54.804 | |
| ९ | ३०१०८०१२३ | 2.7.25.733 मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि तथ्याङ्क संकलन | 150,000.00 | 89,850.00 | 60150 (रोक्का) | 59.90 | |
| १० | ३०१०८०१२३ | 2.7.25.734 तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनको अनुगमन | 150,000.00 | 112,300.00 | 37700 (रोक्का) | 74.867 | |

| सि.नं. | बजेट उ.शि.नं. | कार्यक्रमको नाम | जम्मा बजेट | खर्च | बाँकी बजेट | प्रगति विवरण | श्रोतको प्रकार |
|---|---|---|---|---|---|---|---|
| ११ | ३०१०८०१२३ | 2.7.25.735 तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धि समिक्षा गोष्ठी (यातायात खर्च समेत) | 400,000.00 | 288,300.00 | 111700 (रोक्का) | 72.075 | |
| १२ | ३०१०८०१२३ | 2.7.25.741NPISHs सम्बन्धी सूचिकरण गर्ने तथा अध्यावधिक गर्ने । | 30,000.00 | 19,800.00 | 10200 (रोक्का) | 66.00 | |
| १३ | ३०१०८०१२३ | 2.7.25.742 वार्षिक प्रगति प्रतिवेदन २०८१ | 30,000.00 | 0.00 | 30,000.00 | 0.00 | |
| १४ | ३०१०८०१२३ | 2.7.25.743 आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालसग प्रदेश/जिल्ला तहमा अन्तर्क्रिया/गोष्ठी | 118,000.00 | 0.00 | 118000 (रोक्का) | 0.00 | |
| १५ | ३०१०८०१२३ | 2.7.25.744 जिल्लामा आर्थिक गणनाको प्रश्नावली परिक्षण | 60,000.00 | 46,100.00 | 13900 (रोक्का समेत) | 76.833 | |
| १६ | ३०१०८०१२३ | 2.7.25.749 कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | 60,000.00 | 45,000.00 | 15000 (रोक्का) | 75.00 | |
| १७ | ३०१०८०१२३ | 2.7.25.756 निजी शिक्षण संस्था सर्वेक्षणको तथ्यांक संकलनका लागि खटिने गणकको तलब/दैनिक भ्रमण भत्ता रकम (करार र काजमा लिने दुवै गणकको लागि) | 230,000.00 | 227,408.00 | 2592 (रोक्का) | 98.873 | |
| १८ | ३०१०८०१२३ | 2.7.25.759 तथ्यांङ्क संकलनका लागि खटिने करारका गणकको लागि ४ महिनाको तलब डाटा इन्ट्री समेत (रा.ले Rebasing सम्बन्धि कार्यको) | 10,000.00 | 0.00 | 10000 (रोक्का) | 0.00 | |
| १९ | ३०१०८०१२३ | 2.7.25.761 तथ्यांक संकलन र अनुगमन तथा सुपरिवेक्षणका लागि खटिने गणकको दैनिक भ्रमण भत्ता रकम करार गणकको लागि समेत (रा.ले. Rebasing सम्बन्धि कार्यको) | 150,000.00 | 98,900.00 | 51100 (रोक्का) | 65.933 | |
| २० | ३०१०८०१२३ | 2.7.25.762 गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल (रा.ले. Rebasing सम्बन्धी कार्यको) | 30,000.00 | 0.00 | 30000 (रोक्का) | 0.00 | |
| २१ | ३०१०८०१२३ | 2.7.25.763 विविध खर्च (फोटोकपी तथा कार्यलय सञ्चालन खर्च) (रा.ले. Rebasing सम्बन्धि कार्यको) | 15,000.00 | 11,250.00 | 3750 (रोक्का) | 75.00 | |
| २२ | ३०१०८०१२३ | 2.7.25.765 निजी शिक्षण संस्था सर्वेक्षणको स्थलगत तथ्यांक संकलन कार्यको अनुगमन तथा निरिक्षण (जिल्लाको लागि) | 10,000.00 | 7,400.00 | 2,600.00 | 74.00 | |
| २३ | ३०१०८०१२३ | 2.7.25.766 वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन | 150,000.00 | 111,920.00 | 38080 (रोक्का) | 74.613 | |
| २४ | ३०१०८०१२३ | 2.7.25.767 त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण | 170,000.00 | 142,550.00 | 27450 (रोक्का) | 83.853 | |
| २५ | ३०१०८०१२३ | 2.7.25.769 आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनको लागि भ्रमण खर्च | 782,000.00 | 646,950.00 | 135050 (रोक्का) | 82.73 | |
| २६ | ३०१०८०१२३ | 2.7.25.777 विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | 400,000.00 | 291,750.00 | 108250 (रोक्का) | 72.938 | |
| २७ | ३०१०८०१२३ | 2.7.25.799३ वटा पालिकाको प्रोफाईल तयारीको लागि तथ्यांक संकलन, तथ्यांक प्रविष्टि, सम्पादन, सुपरिवेक्षण तथा छपाई | 900,000.00 | 599,697.00 | 300,303.00 | 66.633 | |
| २८ | ३०१०८०१२३ | 2.7.25.807 Ratio method of Population Projection प्रयोग गरी तथ्याङ्क समन्वय कार्यालय अन्तर्गतका सबै स्थानीय तहहरूको Population Profile अद्यावधिक गर्ने कार्यक्रम | 400,000.00 | 0.00 | 400,000.00 | 0.00 | |
| | | **जम्मा** | **5,521,000.00** | **3,704,250.00** | **1,816,750.00** | 67.094 | |

## ख) पूँजीगत तर्फको वित्तीय विवरण

**२०८१ साल श्रावणदेखि २०८२ असारसम्मको वित्तिय प्रगति विवरण**

| सि.नं. | बजेट उ.शि.नं. | कार्यक्रमको नाम | जम्मा बजेट | खर्च | बाँकी बजेट | प्रगति विवरण | श्रोतको प्रकार |
|---|---|---|---|---|---|---|---|
| | ३०१०८०१२४ | 31122 मेशिनरी तथा औजार | 400,000.00 | 297,795.68 | 102,204.32 | 74.449 (रोक्का समेत) | नेपाल सरकार संघ |
| १ | ३०१०८०१२४ | 11.3.22.47 कार्यालय सञ्चालनका लागि आवश्यक मेशिनरी खरिद | 400,000.00 | 297795.68 | 102204.32 | 74.449 (रोक्का समेत) | |
| | ३०१०८०१२४ | 31123 फर्निचर तथा फिक्चर्स | 100,000.00 | 81,360.00 | 18,640.00 | 81.36 (रोक्का समेत) | नेपाल सरकार संघ |
| २ | ३०१०८०१२४ | 11.6.13.58 कार्यालयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | 100,000.00 | 81,360.00 | 18,640.00 | 81.36 (रोक्का समेत) | |
| | | **जम्मा पूजीगत तर्फ** | **500,000.00** | **379,155.68** | **120,844.32** | **75.831** | |

## १२) अघिल्लो आ.ब. मा सम्पन्न भएका साथै सम्पन्न हुन नसकेका कार्यक्रमहरु

| क्र.सं. | सम्पन्न कार्यक्रम | सम्पन्न हुन नसकेका कार्यक्रम | सम्पन्न हुन नसकेका कारण |
|---|---|---|---|
| १ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको सूचिकरण कार्य | | |
| २ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्य | | |
| ३ | त्रैमासिक औद्योगिक उत्पादन तथा मुल्य सूचकांक | | |
| ४ | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम | | |
| ५ | कृषि तथ्याङ्क संकलन | | |
| ६ | निर्माण क्षेत्रको सर्वेक्षण | | |
| ७ | SBR सम्बन्धी तथ्याङ्क अद्यावधिक | | |
| ८ | मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक | | |
| ९ | राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनको अनुगमन | | |
| १० | NPISHs सम्बन्धी सूचिकरण कार्य | | |
| ११ | NPISHs सम्बन्धी मुख्य फिल्ड कार्य (विविध) | | |
| १२ | आर्थिक गणनाको प्रश्नावली परिक्षण | | |
| १३ | रा.ले. Rebasing सम्बन्धी कार्य | | |
| १४ | वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क संकलन | | |
| १५ | त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क संकलन | | |
| १६ | आन्तरिक पर्यटक सर्वेक्षण | | |
| १७ | पालिका प्रोफायल | | |
| १८ | निजी शिक्षण संस्था सर्वेक्षण सम्बन्धी स्थलगत तथ्यांक संकलन | | |
| १९ | राष्ट्रिय तथ्यगत विवरण सम्बन्धी गोष्ठी | | |
| २० | तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि सम्बन्धी गोष्ठी | | |
| २१ | | आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालासँग प्रदेश/जिल्ला तहमा अन्तरक्रियात्मक गोष्ठी | कामको चाप धेरै, केही वजेट रोक्का हुनु, कर्मचारीको अभाव |
| २२ | | गणना तथा सर्वेक्षणहरुसँग सम्बन्धी सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल | कामको चाप धेरै, केही वजेट रोक्का हुनु, कर्मचारीको अभाव |

## १३) कार्यालयको वेभसाइट

- यस कार्यालयको वेभसाइट https://scoilam.nsonepal.gov.np रहेको छ ।

## १४) कार्यालयमा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्वन्धी विवरण

- नरहेको

## १५) कार्यालयले संचालन गरेको कार्यक्रम र सो को विवरण

यस आ.व. मा सम्पन्न प्रमुख कार्यहरुको विवरण ।

| क्र.सं. | संचालित कार्यक्रम | विवरण |
|---|---|---|
| १ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको सूचिकरण कार्य | सूचिकरण गरी केन्द्रमा पठाईएको । |
| २ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्य | मुख्य फिल्ड कार्य र तथ्याङ्क प्रविष्टि भएको । |
| ३ | त्रैमासिक औद्योगिक उत्पादन तथा मुल्य सूचकांक | नियमित रुपमा संकलन गरी केन्द्रमा पठाईएको । |
| ४ | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम | नियमित रुपमा संकलन गरी केन्द्रमा पठाईएको । |
| ५ | कृषि तथ्याङ्क संकलन | नियमित रुपमा संकलन गरी केन्द्रमा पठाईएको । |
| ६ | निर्माण क्षेत्रको सर्वेक्षण | नियमित रुपमा संकलन गरी केन्द्रमा पठाईएको । |
| ७ | SBR सम्बन्धी तथ्याङ्क अद्यावधिक | तथ्याङ्क संकलन र प्रविष्टि गरीएको । |
| ८ | मत्स्य तथा बन तथ्याङ्क अद्यावधिक | तथ्याङ्क संकलन र प्रविष्टि गरीएको । |
| ९ | राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनको अनुगमन | पालिकाहरुबाट NDP मा तथ्याङ्क प्रविष्टि भएको । |
| १० | NPISHs सम्बन्धी सूचिकरण कार्य | सूचिकरण गरी केन्द्रमा पठाईएको । |
| ११ | NPISHs सम्बन्धी मुख्य फिल्ड कार्य (विविध) | मुख्य फिल्ड कार्य र तथ्याङ्क प्रविष्टि भएको । |
| १२ | आर्थिक गणनाको प्रश्नावली परिक्षण | प्रश्नावली परिक्षण भएको । |
| १३ | रा.ले. Rebasing सम्बन्धी कार्य | Rebasing को लागि आवस्यक तथ्याङ्क उपलब्ध भएको । |
| १४ | वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क संकलन | वार्षिक राष्ट्रिय लेखा अनुमानको लागि आवस्यक तथ्याङ्क उपलब्ध भएको । |
| १५ | त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क संकलन | त्रैमासिक राष्ट्रिय लेखा अनुमानको लागि आवस्यक तथ्याङ्क उपलब्ध भएको । |
| १६ | आन्तरिक पर्यटक सर्वेक्षण | २२ वटा PSUs मध्ये २१ वटाबाट तथ्याङ्क संकलन गरी केन्द्रमा पठाईएको । |
| १७ | पालिका प्रोफायल | ताप्लेजुङको फुङलिङ न पा र इलामको सन्दकपुर गा पा को प्रोफायल तयार भएको । |
| १८ | निजी शिक्षण संस्था सर्वेक्षण सम्बन्धी स्थलगत तथ्यांक संकलन | २१६ वटा शिक्षण संस्थाहरुबाट आवस्यक तथ्याङ्क प्राप्त भएको । |
| १९ | राष्ट्रिय तथ्यगत विवरण सम्बन्धी गोष्ठी | ताप्लेजुङ, पाँचथर, इलाम र झापा चारै जिल्लामा सम्पन्न गरेको |
| २० | तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि सम्बन्धी गोष्ठी | ताप्लेजुङ, पाँचथर, इलाम र झापा चारै जिल्लामा सम्पन्न गरेको |

**१६) कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली**

- तथ्याङ्क ऐन, २०७९ को दफा १०(१) बमोजिम बाहेक सवै सूचना खुल्ला रहेको छ।

**१७) कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण**

- नियमित रूपमा त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन प्रकाशन
- नियमित रुपमा फेसबुक पेजमा, आम संचारमा र वेभसाइटमा सूचनाहरु संप्रेषण हुने गरेको छ।

**यस कार्यालयको "तथ्याङ्क समन्वय कार्यालय, इलाम" नामको फेसवुक पेजमा हेर्न सकिनेछ ।**

फोन नं: ०२७-५२३०३६

फेसबुक पेज : तथ्याङ्क समन्वय कार्यालय, इलाम

ईमेल: scoilam120@gmail.com